# केही फौजदारी कसूर सम्बन्धी केही ऐनलाई संशोधन गर्न बनेको विधेयक

**प्रस्तावना :** केही फौजदारी कसूर सम्बन्धी केही ऐनलाई संशोधन गर्न वाञ्छनीय भएकोले, संघीय संसदले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "केही फौजदारी कसूर सम्बन्धी केही ऐनलाई संशोधन गर्ने ऐन, २०७८" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **प्रमाण ऐन, २०३१ मा संशोधन :** प्रमाण ऐन, २०३१ को दफा ७ को खण्ड (ख) पछि देहायका खण्ड (ख१) र (ख२) थपिएका छन्:-

"(ख१) कुनै वस्तु गैर कानूनी हो भन्ने थाहा पाई कसैको साथमा रहेकोमा त्यस्तो वस्तु निजले गैर कानूनी हो भन्ने जानी जानी नै राखेको हो भनी अदालतले अनुमान गर्न सक्नेछ।

(ख२) कुनै कसूरको अनुसन्धानको क्रममा कुनै प्रमाण प्राप्त गर्ने वा कुनै व्यक्तिको पहिचान यकिन गर्नुपर्ने अवस्थामा कुनै व्यक्तिबाट मानव डिओक्सीराइबो न्यूक्लिक एसिड (डि.एन.ए.) परीक्षणको लागि र्‍याल, रगत, विर्य, थुक वा अन्य कुनै स्वाव, रौ, दाँत वा अन्य कुनै मानव तन्तुको जैविक नमूना उपलब्ध गराउन त्यस्तो व्यक्तिलाई अनुरोध गरिएकोमा निजले त्यस्तो नमूना संकलन गर्न अनुमति दिन इन्कार गरेमा त्यस्तो नमूनाको परीक्षणबाट प्राप्त परिणाम (निष्कर्ष) निजको विरुद्ध प्रमाण लाग्न सक्ने कुराको अदालतले अनुमान गर्न सक्नेछ।"

३. **ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ मा संशोधन :** ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ को दफा १२ को उपदफा (१क) को सट्टा देहायको उपदफा (१क) राखिएको छ:-

"(१क) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून बमोजिम भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी, लागू औषधको कारोवार, मानव बेचबिखन तथा ओसारपसार, संगठित अपराध, जवर्जस्ती करणी, तेजाव

नेपाल कानून आयोग (प्रारम्भिक मस्यौदा)

प्रयोग गरी ज्यान मारेको, अङ्गभङ्ग गरेको वा शारीरिक क्षति पुऱ्याएको कसूरमा त्यस्तो छुट हुन सक्ने छैन।"

४. **<u>मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ मा संशोधन</u> :** मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५ को उपदफा (४) मा रहेका "मुलुकी ऐनको हाडनाता करणीको महल" भन्ने शब्दहरुको सट्टा "हाडनाता करणीमा प्रचलित कानून" भन्ने शब्दहरु राखिएका छन् ।

५. **<u>घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ मा संशोधन</u> :** घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ को,-

(१) दफा २ को खण्ड (ग) मा रहेका "तेजाव वा यस्तै प्रकारका अन्य पदार्थ" भन्ने शब्दहरुको सट्टा "तेजाव बाहेक अन्य रासायनिक पदार्थ" भन्ने शब्दहरु राखिएका छन्।

(२) दफा ५क. को उपदफा (१) मा रहेका "तेजाव वा यस्तै प्रकारका अन्य पदार्थ" भन्ने शब्दहरुको सट्टा "तेजाव बाहेक अन्य रासायनीक पदार्थ" भन्ने शब्दहरु राखिएका छन्।

(३) दफा १३ को उपदफा (१) मा रहेका "तेजाव वा यस्तै प्रकारका अन्य पदार्थ" भन्ने शब्दहरुको सट्टा "तेजाव बाहेक अन्य रासायनिक पदार्थ" भन्ने शब्दहरु राखिएका छन् ।

६. **<u>कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१ मा संशोधन</u> :** कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१ को दफा १२ को उपदफा (१) मा रहेका "छ महिनासम्म" भन्ने शब्दहरुको सट्टा "एक वर्षसम्म" भन्ने शब्दहरु राखिएका छन्।

७. **<u>अपराध पीडित संरक्षण ऐन, २०७५ मा संशोधन</u> :** अपराध पीडित संरक्षण ऐन, २०७५ को,-

(१) दफा २२ पछि देहायको दफा २२क. थपिएको छ :-

"**२२क. <u>छुट्टै कक्षको व्यवस्था गर्नु पर्ने</u>:** कुनै कसूरको अनुसन्धान अभियोजन गर्ने, मुद्दाको कारवाई, किनारा वा सुनुवाई गर्ने निकायबाट त्यस्तो

नेपाल कानून आयोग (प्रारम्भिक मस्यौदा)

कसूरबाट पीडित प्राकृतिक व्यक्ति भए निजको लागि कसूर सम्बन्धी जानकारी प्राप्त गर्न, कसूरको सम्बन्धमा सम्बन्धित अधिकारीबाट मनोसामाजिक परामर्श प्राप्त गर्न वा कसूरको सम्बन्धमा छलफल गर्न छुट्टै कक्षको व्यवस्था गर्नु पर्नेछ ।"

(२) दफा ३७ को सट्टा देहायको दफा ३७ राखिएको छः-

"**३७. पीडितको मृत्यु भएमा क्षतिपूर्ति पाउनेः** यस ऐन बमोजिम क्षतिपूर्ति रकम प्राप्त नगर्दै पीडितको मृत्यु भएमा त्यस्तो रकम निजको एकासगोलको पति वा पत्नी, छोरा छोरी वा बाबु आमाले पाउनेछ।"

**८. सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार ऐन, २०७५ मा संशोधनः** सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार ऐन, २०७५ को,-

(१) दफा १५ को,-

(क) खण्ड (ख), (घ) र (ङ) मा रहेका "अठ्ठाईस हप्तासम्मको" भन्ने शब्दहरुको सट्टा "बाईस हप्तासम्मको" भन्ने शब्दहरु राखिएका छन्।

(ख) खण्ड (ग) मा रहेका "अठ्ठाईस हप्तासम्मको" भन्ने शब्दहरुको सट्टा "अठार हप्तासम्मको" भन्ने शब्दहरु राखिएका छन्।

(२) दफा १८ पछि देहायको दफा १८क. थपिएको छः-

"**१८क. डिओक्सीराइबो न्यूक्लिक एसिड (डि. एन. ए.) परीक्षणको लागि नमूना संकलन गर्नु पर्नेः** (१) जवर्जस्ती करणी वा हाडनाता करणीको कारणबाट गर्भ रहेकोमा त्यस्तो काम बापत कानून बमोजिम मुद्दा चलेको र त्यसरी गर्भधारण गरेकी महिलाले गर्भपतन गराउन चाहेमा यस परिच्छेद बमोजिम गर्भपतन गराउदा गर्भपतन गराईसके पछि भ्रुणबाट डि. एन. ए. परीक्षणको लागि कानून बमोजिम आवश्यक नमूना संकलन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम संकलन गरिएको नमूना परीक्षणको लागि सम्बन्धित अस्पताल वा अनुमतिप्राप्त प्रयोगशालामा पठाउनु पर्नेछ।"

(३) दफा २६ को खण्ड (ग) मा रहेका "मुलुकी अपराध (संहिता) ऐन, २०७४ को दफा १८८ बमोजिमको सजाय" भन्ने शब्दहरुको सट्टा "प्रचलित कानूनमा तोकिएको सजायमा थप तीन वर्ष कैद सजाय" भन्ने शब्दहरु राखिएका छन्।

(४) दफा २९ मा रहेका "रुग्णता लगायतका महिनावारी" भन्ने शब्दहरुको सट्टा "रुग्णता वा महिनावारी भएको कारणबाट यस ऐन बमोजिम" भन्ने शब्दहरु राखिएका छन् ।

९. **प्रचलित ऐन बमोजिम हुने :** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुनु भन्दा अघि नै भइसकेका कसूरमा त्यस्तो कसूर हुदाका बखत कायम रहेको कानून बमोजिम हुनेछ ।

तर, त्यस्तो कसूरमा यस ऐन बमोजिम कम सजाय हुने रहेछ भने यसै ऐन बमोजिम हुनेछ ।

नेपाल कानून आयोग (प्रारम्भिक मस्यौदा)